# नेपाल राजपत्र

## भाग ३


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, मंसीर २५ गते २०४१ साल (संख्या ३४


श्री ५ को सरकार

**सञ्चार मन्त्रालयको**

**सूचना**

**अतिरिक्त हुलाक (पहिलो संशोधन) नियमावली, २०४१**

अतिरिक्त हुलाक नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, हुलाक ऐन, २०१९ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "अतिरिक्त हुलाक (पहिलो संशोधन) नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अतिरिक्त हुलाक नियमावली, २०३४ को नियम ५ मा संशोधनः अतिरिक्त हुलाक नियमावली, २०३४ को नियम ५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

६९५


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) हुलाक प्रतिनिधिसँग जमानी नलिई एक हजार रूपैयाँसम्मको, धन जमानी लिई दुई हजार रूपैयाँसम्मको र त्यसभन्दा माथिको हकमा महानिर्देशकले तोकिदिएबमोजिम हुलाक टिकट, टिकट भएको खाम, हवाईपत्र आदि मूल्याङ्कित हुलाक कागजात हुलाक सञ्चालन गर्नको लागि दिने र यसमा पाँच वर्षपछि पचास प्रतिशत र अर्को पाँच वर्षमा शत प्रतिशत (कुल दश वर्षमा) स्वतः बढ्न सक्नेछ ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का.मु.सचिव

६९६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।